बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. ३१२/०५९/०६०

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**

चाबहिल- ७, काठमाडौं, फोन: ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com


## मुसिकोट नगरपालिका

### नगर कार्यपालिकको कार्यालय

वामीटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतीको आशयको सूचना**

**प्रकाशित मिति २०७८/०८/०१**

यस कार्यालयवाट मिति २०७८/०६/१५ गते प्रकाशित विद्यालय भवन ट्रस तथा कक्षाकोठा निर्माणकार्य सम्वन्धि ठेक्का **MM/WORKS/MMSBC/NCB/01/2078-79** सूचना अनुसार अनलाईन मार्फत दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल वमोजिम बोलपत्रदात(।को बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिई उक्त बोलपत्र मिति २०७८ कात्तिक ३० गतेको कार्यालयको निर्णयअनुसार स्वीकृतीको लागी छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्न ७ (सात) दिने आशयको सूचना जारी गरिएको छ ।

**तपसिल**

| क्र.स. | विवरण | ठेगाना | बोलपत्र दाताको नाम र ठेगाना | कवोल रकम रु. (भ्याट सहत) |
|---|---|---|---|---|
| १ | विद्यालय भवन निर्माण त्रिभुवन माध्यमिक विद्यालय | मुसिकोट नगरपालिका ६, भुवाचिदी | एस.आर.पि. ग्रुप प्रा.लि. | 4204235.03 |

**वोधार्थ :**

१. नुतन निर्माण सेवा प्रा.लि. रेसुङ्गा ९ गुल्मी
२. लेवल अफ कन्स्ट्रकशन एण्ड सप्लायर्स
३. वेस्टर्न पपुलर कन्स्ट्रकशन प्रा.लि. सा. (तम्धास-९) गुल्मी
४. सुर्योदय कन्स्ट्रकशन वडागाउँ-५, गुल्मी

**खिमानन्द भुसाल**
**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**

## संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी

### सडक डिभिजन, विराटनगर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०७८/०८/०२**

यस डिभिजनको सूचना नं. T1/078/79 मार्फत मिति २०७८/०४/२१ को प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसारको तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन(प्रथम संसोधन) २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| Contract ID | Description and Location of work | Name of Contractor | Bid Amount(Without VAT, Contingency& PS) NRs |
|---|---|---|---|
| RDBRT/337011384/078/79-03 | Rehabilitation works along MRM (Haraicha Mod - Gachhiya Section) | Sapana-RK JV, Inaruwa, Sunsari | 4,67,90,482.00 |

**डिभिजन प्रमुख**


## कतार र साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: FOODAK शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०८/०१ चलानी नं.: ६०१६७९०५ LT. No.: 250919

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver (Bike) | 22 | 0 | | 1400 | ४५,६२६ | | | | | | | |

२. कम्पनी: AL AMEN TRANSPORTATION शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०८/०१ चलानी नं.: ६०१६७९०४ LT. No.: 250890

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 7 | 0 | स. काममा दक्ष | 1900 | ६१,९२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: Swift Delivery WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०८/०१ चलानी नं.: ६०१६७९०६ LT. No.: 250918

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 40 | 0 | स. काममा दक्ष | 1400 | ४५,६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: First National Company शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०८/०१ चलानी नं.: ६०१६७९०८ LT. No.: 251030

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ५६,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: AG Cafe International शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०८/०१ चलानी नं.: ६०१६७९०७ LT. No.: 250889

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,३६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | coffee Cook | 3 | 0 | | 1300 | ४२,३६७ | | | | | | | |
| 3. | gen Clean Worker | 2 | 0 | | 1000 | ३२,५९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ९ गते (25 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको नि:शुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Link International Placement Service Pvt.ltd.**

Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015

Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



## UAE मा रोजगारको अवसर

१. कम्पनी : UMM AL QUWAIN SECURITY SERVICES L.L.C. शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/३० चलानी नं.: ६०१६७८७८ LT. No.: 250199

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 10 | स. काममा दक्ष | 2000 | ६४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : KAWADER INTERNATIONAL EMPLOYMENT SERVICES शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०८/०१ चलानी नं.: ६०१६७८७७ LT. No.: 250896

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ceiling Fixer | 100 | 0 | | 1250 | 40,800 | | | | | | | |
| 3. | Carpenter | 100 | 0 | | 1250 | 40,800 | | | | | | | |
| 4. | Blacksmith | 100 | 0 | | 1250 | 40,800 | | | | | | | |
| 5. | Painter | 50 | 0 | | 1250 | 40,800 | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ९ गते (25 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८

**Perfect Recruiting Service Pvt. Ltd.**

P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 014950764, 014987640 , Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com



## कतारमा रोजगार

Company : NASSER AL JABER CONTRACTING City : DOHA

पूर्व स्विकृति मिति: २०७८/०८/०१ चलानी नं. : ६०१६७८९० LT. No. : 251009

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | PLUMBER | 4 | 0 | | 1100 | ३५,८४९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ मंसिर ९ गते (25 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मिडिल इष्ट म्यानपावर प्रा. लि.**

कुपण्डोल, ललितपुर, फोन नं. ०१-५५२९९६०, ५५३१२२० फ्याक्स: ०१-५५३२०८४, श्रम ई. पत्र नं. ६१/०५१/०५२

सम्पर्क: ९८१८८८२१२५, ९८८०६७२४९७ Email: cvs.middleast@gmail.com | Web: www.middleast.com.np



## UAE मा रोजगार

कम्पनी: KAWADER INTERNATIONAL EMPLOYMENT SERVICES शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०८/०१ चलानी नं.: ६०१६७८९३ LT. No.: 250883

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1250 | 40,800 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labour | 50 | 0 | | 1100 | ३५,५५२ | | | | | | | |
| 3. | Painter | 50 | 0 | | 1250 | 40,800 | | | | | | | |
| 4. | Ceiling Fixer | 50 | 0 | | 1250 | 40,800 | | | | | | | |
| 5. | Concrete Mason | 50 | 0 | | 1250 | 40,800 | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर ९ गते (25 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ७६३/०६५/०७६

**Prayas Re-Employment Consultant (Pvt.) Ltd.**

Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahill, Saraswati Nagar, Kathmandu
Tel.: 4820056 | Mob: 9801011695
Email: cvs.prayas@gmail.com | web.: www.prayasreemployment.com

## सम्पादकीय

### बद्‌नामीको निरन्तरता

प्रदेश–१ का मुख्यमन्त्री राजेन्द्र राईले बुधाबार विश्वासको मत पाएका छन् । १६ कात्तिकमा राई मुख्यमन्त्री नियुक्त भएका थिए । नेकपा एमालेका नेता भीम आचार्यले बहुमत गुमाएपछि राई मुख्यमन्त्री बनेका हुन् । नेकपा एकीकृत समाजवादीका सचिव राईलाई नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी (जसपा) को समर्थन छ । राष्ट्रिय राजनीतिमा आएको उतारचढावका कारण राई मूख्यमन्त्री बन्न पुगेका हुन् । तर विश्वासको मत पाइरहँदा राई ६ महिनापछि सरकार छोड्न तयार रहेको समेत सूचना चुहिएको छ । ६ महिनापछि काँग्रेस नेतृत्वमा सरकार बन्ने सूचना सार्वजनिक भएको छ । यदि त्यो सूचनाअनुसार फेरि पनि सरकार बदलिने हो भने पाँच वर्षे अवधिमा प्रदेश–१ ले चार मुख्यमन्त्री बदल्नेछ ।

आचार्य भन्दा अगाडि एमालेकै नेता शेरधन राई मुख्यमन्त्री थिए । प्रदेश–१ कै जस्तो अवस्था बागमतीको पनि छ । यो प्रदेशमा पनि एकीकृत समाजवादीका नेता राजेन्द्र पाण्डे तेस्रो मुख्यमन्त्री नियुक्त भएका छन् । एमालेका उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले बहुमत गुमाएपछि पाण्डे मुख्यमन्त्री बनेका हुन् । शाक्य भन्दा अगाडि एमालेकै डोरमणि पौडेल मुख्यमन्त्री थिए । पाण्डेले पनि ६ महिनापछि काँग्रेसलाई नेतृत्व दिने भद्र सहमति भएको सूचना सार्वजनिक भएको थियो । त्यसो हुँदा बागमतीमा पनि चार वर्षका अवधिमा चार मुख्यमन्त्री बदलिनेछन् । लुम्बिनी, गण्डकी र कर्णालीमा पनि सरकार बदलिएको छ । केही दिन अगाडि मात्रै माओवादी नेता महिन्द्रबहादुर शाहीले राजीनामा दिदै काँग्रेस नेता जीवनबहादुर शाही मुख्यमन्त्री बनेका छन् ।

अहिलेसम्म सरकार नफेरिएको चाहिँ प्रदेश–२ र सुदूरपश्चिम मात्रै हो । एमाले अध्यक्ष केपी शर्मा ओलीले असंवैधानिक कदम चालेर दुईदुई पटक संसद् विघटन गरेपछि नै प्रदेशमा यस्तो अस्थीरता देखिएको हो । प्रधानमन्त्रीबाट ओलीलाई पदच्यूत गर्दै शेरबहादुर देउवा नेतृत्वमा सरकार बनेपछि त्यही गठबन्धनले प्रदेशमा सरकार बदलेको छ भने भागबण्डाका आधारमा सरकार बन्दा पाँच वर्षे अवधिमा चार वटासम्म सरकार फेरिने परिस्थिति बनेको छ । अर्थात् ओलीलाई असंवैधानिक कदम चालेर संविधान, संसद् र व्यवस्था उल्ट्याउने खोजेको आरोप लगाउने गठबन्धन पनि पदकै लागि ६/६ महिनामा सरकार बदल्न तयार देखिन्छन् । यसले संविधानको भावना र जनताको चाहना त सम्बोधन गर्दैन, बरू बद्‌नामीको निरन्तरता भने अवश्य हुन्छ । जसलाई नरोक्ने हो भने राजनीतिक बितृष्णा रोकिदैन ।

# लोकतन्त्र र विकृत राजनीति

हाम्रो लोकतन्त्रले कसैलाई मासुभात र कसैलाई पुर्पुरोमा हात गराएको छ । एजेण्डामा समाजवादको कुरा गरियो तर, व्यवहारमा विचौलियावाद भयो । दूर्गममा हवाइ टिकट नपाएर सुत्केरी महिला छट्पटिएर मर्ने गरेको तर, सुकिलामुकिलाहरु विदेश उपचार गर्ने, त्यो पनि सरकारी पैसामा ।



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

लिंकनको लोकतन्त्रभन्दा हाम्रो लोकतन्त्र फरक किसिमको छ । झट्ट हेर्दा त जंगबहादुर राणाको लोकतन्त्र पनि ठिकै हो कि जस्तो लाग्छ । त्यति बेलाको अवस्थामा पनि नेपाली पोशाकको संरक्षण गर्ने, ऐतिहासिक सम्पदाहरुको संरक्षण गर्ने, देशभित्रैको पैसाले भौतिक निर्माण र पुनर्निर्माण गर्ने, बाली नष्ट भएका जमिनको तिरो माफी गर्ने, ऐतिहासिक सम्पदाको संरक्षण र अभिलेखलाई ताजा राख्न जैसी कोठाको संरक्षण गर्ने, लेख्न बोल्नका लागि गिद्धे प्रेसको स्थापना गर्ने, वि सं १९१० मा मुलुकी ऐन जारी गर्ने, कमै भए पनि सती प्रथाको अन्त्य गर्न प्रयास गर्ने, तिब्बतसँग युद्ध गरी वि.सं. १९१२ मा थापाथली सन्धि गरी देशको स्वाभिमानको रक्षा र आर्थिक लाभ प्राप्त गर्ने, कुनै भू-भाग विदेशीलाई नदिने बरु वृटिश इन्डियालाई खुशी गराई नेपालको पश्चिमी क्षेत्र बाँके, वर्दिया फिर्ता लिई नयाँ मुलुक देखाउने, अंग्रेज रेजिमेन्टप्रति निगरानी राख्ने आफ्नो अनुकूलमा मात्र तिनलाई स्वदेशमा प्रोत्साहन गर्ने, वैदेशिक ऋण, सहायतामा बन्देज लगाई स्वदेशी उद्योग, स्वदेशी माटोको रक्षा, सरकारी जमिनको सुरक्षा, भ्रष्टाचारीलाई मृत्युदण्डको सजायँ, महँगा र विलासी सवारी साधनको सट्टा घोडचढीमा दखल । माथिका उदाहरणले इतिहासमा जसलाई क्रुर शासक भनेर भनिन्छ, तिनै जंगबहादुर ठीक रहेछन् कि जस्तो लाग्छ । हो उनले मारकाट गरे तर, लोकतन्त्रमा मारकाट कहाँ घट्यो र, अहिले पनि । उनैले बनाइ दिएका, उनका अनुयायीले तयार पारिदिएका र उनका पालामा बनेका भौतिक संरचनाहरुमा अहिलेका शासकहरुले शासन गरिरहेका छन् ।

शासकको सट्टा सेवक हुनु पर्ने मान्यतालाई बिर्सिएको अवस्था छ । मतदानमा जनता एकदिन शासक हुने र बाँकी सबै दिन शासित र शोषित भएका छन् । संस्थाहरु पसल जस्ता छन्, कुनै काम पैसा नतिरी बन्दैन । जनताको आयस्रोत बढाउने, रोजगारीको सिर्जना गर्ने, विकास खर्च डोजरे विकास नभई दिगो विकास गर्ने अभियानमा देखिएका छैनन् लोकतन्त्रका सम्बाहकहरुमा । माटो छोपेर वडा अध्यक्षहरुको डोजरले भूस्खलन, बाढी, पहिरो, जलवायु परिवर्तन, बस्ती उठेको, वा विनाश भएको छ । राहत उपलब्ध हुन दलकै भक्ति गर्नुपर्छ, २ किलो चामलका लागि । १९९० र २०७२ को भूकम्प नगएको भए, ३० सालको आगलागी नभएको भए ती अहिलेसम्म अजम्मरी र बलिया नै देखिएका हुन्थे पूर्खाले छोडेका भवनहरु । सरकारी पर्ती जमिनको संरक्षण, कोही कसैप्रति देश हित विपरीत सन्धि सम्झौता नगर्ने दूर दृष्टि भएका इतिहासका पात्रहरुले भाइ भतिजाका लागि लामो समय देशलाई सुम्पे पनि कम से कम विदेशीलाई त दिएनन् भनी सम्झनु पर्ने अवस्था छ अहिले ।

लोकतन्त्रमा महामारीका बेला स्वदेश भित्रिँदा एक पिस कपडामा जनतालाई शहर परिक्रमा गराइयो । साइकल, ट्रिपर चढेर भाग्दा मृत्यकाु शिकार भए जनताहरु, क्वारेन्टीनमै बलात्कृत भए महिलाहरु, विदेशमा पोखिएकाहरुलाई वैदेशिक रोजगार कल्याण कोषबाट राहत तथा स्वदेश ल्याउने काम भएन । आप्रबासीको संरक्षण भएन, सडे गले पछि दर्जनौं लासहरु एकै पटक बाकसमा हालि फर्काइयो । खाडीमा कमाउन गएकाहरुको विल्लीबाठ त भयो नै, यता बस्नेहरुले सम्पति गायब पारिदिए । विकसित देशमा जि.डि.पि.को २ प्रतिशतभन्दा बढी नहुने वैदेशिक ऋण, सहायता यहाँका लोकतन्त्रका सम्बाहकहरुले जि.डि.पि.को ३५ प्रतिशतभन्दा माथि पुऱ्याए । गतिला समाजशास्त्री र अर्थविद्‌हरुको सम्मान गरिएन । पाखा लगाइयो । कसैलाई ८ पटकसम्म सार्वजनिक पद लगातार दिइयो मानौं यो कसैको स्वत अधिकार हो, बक्यौता विर्ता नै हो । योभन्दा बढी लोकतन्त्रमा के उपहास हुन्छ ?

राजधानी काठमाडौं पूरै ढाकिइसकेर सास फेर्ने ठाउँ नहुँदा पनि यसको चारैतिर स्मार्ट सिटी बनाउँने भन्दै नयाँ-नयाँ प्रपोजलहरु ल्याएर थप दूर्नाम, बदनाम र थप फोहोरी बनाउन पासा फालिँदैछ । दोस्रो चक्रपथ भनिदैछ, जहाँको वातावरण कोलाहलपूर्ण भइसकेको छ । जसको पुष्टि गएको भूकम्पले गरिसकेको हो । सार्वजनिक जग्गा अतिक्रमण भएको छ, सुकम्बासीभन्दा हुकुमबासीको बोलवाला छ । प्रदूषणले विश्वमा एक नम्बरको दर्जा पाउँदा काठमाडौंले सम्मानित भएको सम्मान सम्झने, तेल बेच्दा उठाएको प्रदुषण करलाई सो केसमा सजाएर राखिएको, राजधानीको प्रदूषण घटाऊ भनेर ठूलाहरु कोल्ने मात्र काम भने केही नहुने अवस्था छ । डेढ/दुई महिनासम्म घर, टोलको फोहोर उठ्दैन तर, सबैभन्दा चर्को शुल्क यहीँ तिर्नुपर्छ । वर्षा र सहकालका देवताको पूजा र रथ यात्रा यहीँ बन्द हुन्छ । राष्ट्रदेव पशुपतिनाथको पूजा बन्द हुन्छ, । नारा जुलुसमा न्यायपालिका बाँकी थियो अब त त्यता पनि अचम्मै भएको छ । यहाँको लोकतन्त्र यस्तै छ, सबैले सम्मान गर्ने त होला नि ।

हाम्रो लोकतन्त्रले अतितदेखि सहिष्णु रुपमा बसेको समाजलाई पचाउन सकेन । भाइफुटे गवाँर लुटे भन्ने

> शासकको सट्टा सेवक हुनु पर्ने मान्यतालाई बिर्सिएको अवस्था छ । मतदानमा जनता एकदिन शासक हुने र बाँकी सबै दिन शासित र शोषित भएका छन् । संस्थाहरु पसल जस्ता छन्, कुनै काम पैसा नतिरी बन्दैन । जनताको आयस्रोत बढाउने, रोजगारीको सिर्जना गर्ने, विकास खर्च डोजरे विकास नभई दिगो विकास गर्ने अभियानमा देखिएका छैनन् लोकतन्त्रका संवाहकहरुमा ।

उखान त्यतिकै बनेको होइन । हाम्रो धर्म, संस्कतिलाई बुझ्न नसक्दा सबैतिर फाटो छ अहिले । जनगणनामा धर्म, जात, जातिको स्थानमा लेखिएका विवरण सच्याउलान् भन्ने आशंका छ । कुन धर्म राख्ने भन्ने विषयमा जनमत संग्रह गरिएन । धर्मभिरु देशमा, विश्वकै एकमात्र हिन्दु धर्म भएको देशमा विदेशीको इशारामा धर्म निरपेक्षता लादियो । अमेरिकी राष्ट्रपतिले शपथ लिँदा वाइवल छुन्छन्, यहाँ शपथ लिँदा त्यो पर्दैन भन्छन् । संविधान लेख्नुअघि लोकमत बुझ्ने भनियो, मत बुझ्न हिँडेको पनि हो, जम्मा भएका विचारका पोका भने खोलिएनन् । धार्मिक राजधानी खासगरी हिन्दु धर्मको विश्वको राजधानी हुन सक्ने देश नेपालमा झण्डै डेढ अर्ब हिन्दुहरुको आस्थाको केन्द्र पशुपतिनाथको मन्दिर रहेको छ । बुद्ध जन्मस्थल लुम्बिनी छ, जीवनमा एकपटक यहाँ पर्यटकहरु आउँदा पनि हाम्रो बाह्य पर्यटकको संख्या बृद्धि हुने र विदेशी रकम आय आर्जन गर्न सकिन्छ । भारतमा रहेका अनकौं तीर्थ, धामहरुको भ्रमण गर्दा शिर छोडी पीठमा आएको भन्दै उनीहरु गिज्याउने गरेको देखिन्छ । संघीयतामा प्रवेश गरेसँगै स्थानीय तहमा सार्वजनिक निकायहरुले विषयगत बिदा दिने होडबाजी छ । ४ नासायण रहेका क्षेत्रहरु बूढानीलकण्ठ, शेष नारायण, इचँगु, चाँगु नारायण आदिक्षेत्रमा हरिबोधिनी एकादशी भन्दै विदाको घोषण ागरे । सरकारी एउटा निकाय बन्द हुने अन्य निकाय खुल्ने संस्कतिले जनता नै अन्यौलमा हुन्छन्, एकताको मेसेज पनि जाँदैन ।

मिलेर बसेको समाजमा हामी स्वयम्भू पुग्छौं, बौद्धनाथ पुग्नेहरु पशुपति पुग्छन् । आन्तरिक पर्यटन, धार्मिक पर्यटनका लागि पूर्वको पशुपति हलेसी चर्चित छ । पूर्वकै पाथिभरा पुग्न मानिस लालायित छन् । इलामको माईपोखरी, झापाको किच्चक बध्, सतासीधाम, धरानको दन्तकाली, बूढासुब्बा, महोत्तरीको जलेश्वर, धनुषाको जनकपुर, दोलखाको भीमसेनस्थान, कालिँचोक पुग्न कसलाई मन नलाग्ला । दूर्गम क्षेत्रमा केवलकार, सुगममा राम्रो सडक, यातायात, सुरक्षित यात्रा गराउन सके हामी देशाटन गर्न सक्छौं । विदेशीहरु चट्टान, हिमाल, गुफा, कन्दरा हेर्न यहाँ आउँछन्, हामी युरोपको सपना देख्छौं । हाम्रा सन्ततिलाई भाँडा माझ्न खाडी पठाउँछौ । आय आर्जनका प्रशस्त सम्भावना हुँदा हुँदै विप्रेषणका लागि विदेश पठाउने, पासपोर्ट बनाइदिएर राजस्व बढाउन खटेर लागेको छ हाम्रो लोकतन्त्र ।

राजनीतिकर्मीहरुले धर्म, भाषा, जाति, लिंगको एजेण्डा उठाएर सत्ताको भऱ्याङ चढ्ने गरे, जसले राष्ट्रिय समन्वयको अभाव भयो । जसले देश बनायो उसको नाम बिर्से । शालिक तोडे, तेरो मेरोको नयाँ संस्कृति हुर्काएर मल्लकालको जस्तो विषम परिवेश निर्माण गरे । हाम्रो लोकतन्त्रले कसैलाई मासुभात र कसैलाई पुर्पुरोमा हात गराएको छ । एजेण्डामा समाजवादको कुरा गरियो तर, व्यवहारमा विचौलियावाद भयो । दूर्गममा हवाइ टिकट नपाएर सुत्केरी महिला छट्पटिएर मर्ने गरेको तर, सुकिलामुकिलाहरु विदेश उपचार गर्ने त्यो पनि सरकारी पैसामा । आफू, आफन्त, साला, साली सबैलाई विदेश उपचार गराउने, स्वदेशमा गराए पनि दल विशेषमा रहेका निजी र महँगा अस्पतालमा गराउने परम्परा बसालियो । असली नेपाली या त दूर्गम रुज्छ, भिज्छ, खोले फाँडो खान्छ या खाडीमा गएर भाँडा माझ्छ, तर आलिशान महलमा राज गर्नेहरु निर्वाचनमा मात्र उनीहरुलाई सम्झन्छन् ।

धार्मिक पर्यटनका क्षेत्र लाखौं छन् हामीकहाँ । गोरखाको मनकामनाले जे बरदान माग्यो त्यही दिने विश्वास छ । व्यास गुफा छ दमौलीमा, पोखराका ताल बाराही, विन्ध्यबासिनी, म्याग्दीको गलेश्वर, मुस्ताङ मुक्तिनाथ, सुर्खेतकी देउती बज्यै, बाजुराको बसढमालिका, खप्तडक्षेत्र, डडेल्धुराको उग्रतारा, डोटीको शैलेश्वरी, बाँकेको बागेश्वरी, कन्चनपुरको ब्रह्मदेव गनेर भ्याइँदैन यहाँ । पुर्खाको उखान देश मन्दिरै मन्दिरको घर हो भनिन्छ । सलल बग्ने कालिगण्डकी, कोशी, कर्णाली राजधानीका नदीनालाहरुले उपचार खोजेका छन् । तर हाम्रो देशलाई राजनैतिक रोग लागेको छ, लोकतन्त्रका सम्बाहकहरुले समयमै रोग निदान गरेनन् भने देशको अस्तित्व मेटिने छ, भविष्यका सन्ततिले श्राप गर्नेछन् । राजनैतिक अङ्गहरुमा वेमेल भएझैं सामाजिक संस्कृति, संस्कार, धर्ममा वेमेल ल्याउँदै जाने हो भने देश थप संकटमा पर्नेछ, अहिले नै कति ठाउँमा निषेधाज्ञा लगाउनु परेको छ । धर्मलाई छोड्दा व्यक्ति, समाज र पूरै राष्ट्र भ्रष्ट हुन्छ । अतः लहडबाजीमा विकृति निम्त्याउने लोकतन्त्रका संवाहक भनिएकाहरुले अतितको गल्ती स्वीकार गरी पुनः राष्ट्रिय एकताको लागि पहल गर्नु पर्छ ।

## सामाजिक सञ्जाल



**- रामेश कोइराला**

कांग्रेसको महाधिवेशनमा के हुन्छ ? देउवा, प्रकाशमान, शेखर र निधी उठ्छन्, सिटौलालाई दुई वर्ष ढुक्कले प्रधानमन्त्री हो भन्नेले सभापति जित्छ र त्यसैले सिटौलालाई संसदीय चुनावमा झापा-३ बाट वामदेव बनाइन्छ । हेरौं है त ।



**- शम्भू चौहान**

कांग्रेसमा वंश र विरासतको राजनीति : महेन्द्र नारायण निधि – विमलेन्द्र, गणेशमान सिंह – प्रकाशमान, विपी कोइराला – शशांक, गिरिजाप्रसाद – सुजाता । धन्न कृष्णप्रसाद भट्टराई र सुशील कोइरालाले बिहे गरेनछन्, नत्र यिनका छोराछोरीको पनि बाउको नाउँ भजाएर सभापति पड्काउने जात्रा देखिन्थ्यो !



**- गोकुलप्रसाद बाँस्कोटा**

एमालेविरूद्धको घेराबन्दी तोड्ने नीति र विधि विधान महाधिवेशनले बनायो । अब त्यसलाई व्यवहारमा उतार्न दृढ इच्छाशक्ति, गतिशीलता र सुदृढ एकताको इन्द्रेणी नेतृत्व चुन्ने काम चितवनबाट भैहाल्छ । बलियो एमाले देशको निकास र विकासको आधार हो । एमालेभित्र आफुलाई खोजौं, आफु अनुकुलको एमाले खोज्ने होइन ।



**- डम्मर खतिवडा**

"एक व्यक्ति, एक पद, दुई कार्यकाल" लोकतन्त्रको जिवन्तता, गतिशीलता र पवित्रताका लागि सबै दलमा आवश्यक छ । आजीवन आ-आफ्नो गुटको नेतृत्व हत्याएर बस्ने नेताहरूले सोचुन । दशकौंमा एक योग्य उत्तराधिकार जन्माउन नसक्ने विचार, आन्दोलन, पार्टी र नेता सर्वाधिक बाँझो जमिन जस्तै हो ।



**- पुरुषोत्तम ढुंगेल**

वकीलहरूको छाता संगठनको काम वकिलहरूको हकहितको लागी हो तर, नेपाल बार एसोसिएशनको काम गन्हाएका पार्टीहरूको आदेश मानेर देश र जनताको लागी जुन कामले हानी हुन्छ त्यही गर्छन् । लाजशरम पचाएर नाङ्गो भएर प्रधानन्यायाधिशको राजीनामा मागी रहेका छन् । हत्यारा भ्रष्टचारीका हिमायतीहरू हुन् ।

## टिप्पणी



● रामसुकुल मण्डल

# मधेशमा अर्को विद्रोह !

चर्को र क्रान्तिकारी भाषण दिएर आकर्षक अवधारणासहितको दल खोली सत्तासीन भएका मधेशी मन्त्री र नेताहरुबाट गत १३ वर्षमा थप विभेद र अन्यायको शिकार हुनु परेका आम मधेशीहरु आफ्नै नेतृत्वबाट ठगिएका छन् । जनमत आकर्षित गर्न मधेशमा चर्को भाषण, आश्वासन र उपहारको राजनीति प्रारम्भ भएको छ ।

वर्षौंदेखि विभेदमा रहेका मधेशी समुदायको पहिचान, सम्मान र समृद्धिका लागि सक्रिय रहँदै आएका युवा, वकिल, बुद्धिजीवी, सञ्चारकर्मी र सचेत नागरिक समाज आफ्नो दुर्दशाको कारक पत्ता लगाउन थालेका छन् । ठूला दललाई सत्तोसराप गरेर मत मागी पटक-पटक सिंहदरबार छिरेका मधेशी नेताहरूको कार्यशैली, योजना र परिणामहरूलाई नियालेर हेर्दा आफूहरू अप्रत्यक्ष शोषणमा परेको अनुभूति गर्दैछन् । हिजोसम्म पहाडी वा खस सत्ताका कारण शोषण, उत्पीडन, विभेद र दमन सहनुपरेकाहरू अब ती शासकका सिपाहीहरूबाट थप पीडित र अपमानित हुनुपरेको छ ।

मधेशका अधिकारवादी आन्दोलनलाई यहाँसम्म ल्याइपुऱ्याउन अथक प्रयास गरेकाहरू आफ्नै समुदायका खसभक्तहरूबाट ठगिएका छन् । पैसा, जाति र खससेवा बाहेक केही हेर्न नचाहेका मधेशी नेताहरूको बेइमानी र समर्थनकै कारण नेपालको कार्यपालिका, न्यायपालिका र पत्रकारिता क्षेत्रमा मधेश र मधेशीले उचित स्थान पाउन सकेनन् । मधेश कित्ताबाट राजनीति गर्दै आएका नेताहरूले पैसाको चलखेल गरी पार्टी फुटाउने र ठूला दलको पाउँपुजा गरेर सत्ता प्राप्त गर्ने चरित्रबाट मधेश लाभान्वित हुन सकेन । मधेश मुद्दामा वर्षौंदेखि इमान्दार प्रयास गर्दै आएका विभिन्न क्षेत्रका बौद्धिक जनशक्ति आफ्नै नेतृत्वबाट थप विभेदमा परेपछि मधेशमा अपमानित भएर बस्नुभन्दा नेपाल बाहिर गएर सम्मानपूर्ण जीवनयापन गर्न बाटो रोज्दैछन् ।

वि.सं. २०६२ देखि आजसम्म सयौं आन्दोलनकारी, बुद्धिजीवी र युवा-विद्यार्थीहरू मधेश र राजनीति कित्ताबाट पयालन नै भइसकेका छन् भने हजारौं पलायनको प्रक्रियामा छन् । ठूला दलले मधेशलाई दमन गऱ्यो भनी नारा दिनेहरू जब आफ्नो हातमा मन्त्रालय पाए उनीहरूले थप दमन गरे । शिक्षा, स्वास्थ्य, कृषि, भौतिक योजना, सञ्चार, विज्ञान, कानून, गृहलगायतका महत्वपूर्ण मन्त्रालय पाउँदा पनि अवसर, योजना र बजेट गैरमधेशीहरूकै निमित्त प्रयोग गरे । मधेशका लागि राजनीति गर्नुको साटो मधेश मुद्दामाथि राजनीति गरे । बौद्धिक तर बेइमान मधेशी नेताहरूको कार्यशैली र परिणामप्रति असन्तुष्ट सिंगो मधेश र मधेशका बौद्धिक जनशक्ति अब नयाँ पार्टी, नयाँ अनुहार र नयाँ शैलीको खोजीमा छन् । मधेशको भविष्य थप अन्धकार भएकोले मधेशबाट प्रतिभाहरू पलायन हुँदैछ । प्रतिभाविहीन मधेश र त्यसमाथिका मुद्दाका व्यापारिक नेताहरूलाई दूरगामी असर पर्नेछ । मधेशमा नेतृत्व लिन चाहेका नेपालीहरूले प्रतिभा पलायनका खतराबाट मधेशलाई समयमै जोगाउन सक्नुपर्छ ।

चर्को र क्रान्तिकारी भाषण दिएर आकर्षक अवधारणासहितको दल खोली सत्तासीन भएका मधेशी मन्त्री र नेताहरूबाट गत १३ वर्षमा थप विभेद र अन्यायको शिकार हुनु परेका आम मधेशीहरू आफ्नै नेतृत्वबाट ठगिएका छन् । जनमत आकर्षित गर्न मधेशमा चर्को भाषण, आश्वासन र उपहारको राजनीति प्रारम्भ भएको छ । भ्रष्टाचार गरी कमाएका अकूत सम्पत्तिमध्ये केही प्रतिशत बराबरको भौतिक सामग्री वितरण गरी लोकप्रियता प्राप्त गर्ने रणनीतिमा मधेशका केही नेताहरू लागिपरेका छन् । जनतालाई सोझा वा मुर्ख ठान्नेहरू मधेशमा सामान वितरण गरी जनाधार तयार गर्न सकिन्छ कि भन्ने सोचमा छन् ।

मधेश कित्तामा राजनीति गर्ने नेताहरू कसले कसलाई र किन गाली गर्छन् ? काठमाडौंमा सहकार्य गर्ने र मधेशमा विरोधीझैं प्रस्तुत हुने, मधेशवादको नाममा सत्तारोहण गरी भ्रष्टाचार गर्ने र मधेशमा पुग्दा आफू पहाडीपीडित भएको गुनासो गर्ने प्रवृत्तिबाट आममधेशी जनता विज्ञ भइसकेका छन् । मधेशको जल, जमिन र जंगलको संरक्षण दिन नसकेका मधेशवादी नेताहरू कसका लागि र किन मधेशमा सक्रिय छन् भनी सबैलाई थाहा छ । आ-आफ्नो पार्टीबाट मधेश कित्तामा राजनीति गर्न हामफालेका मधेशी मूलका नेताहरूको आगमनबाट हर्षित भएका आममधेशीहरू ती नेताका भित्री कुरा र चरित्र बुझिसक्दा दुःखित भएका छन् ।

मधेशमा शिक्षा, कृषि, रोजगार, शान्ति, विकास र सम्मानको मुद्दालाई थाँती राखेर भ्रष्टाचार, जातिवाद र खसभक्ति गरेका अधिकांश मधेशी नेताका अनुहार उदाङ्गिएको छ । सरकारमा जान मोर्चाबन्दी गर्ने र जेल जानुपर्दा मोर्चालाई गाली गर्ने । आफू सरकारमा हुँदा कांग्रेस, एमाले र माओवादीभित्रका मान्छेलाई स्थान दिएर मधेशवादीहरूको मानमर्दन गर्ने र सरकारबाट बाहिर निस्केर चरम मधेशवादी बन्न खोज्ने दोहोरो चरित्रबाट मधेशवादको राजनीति फोहोर भएको छ । ठूला दलका सिपाहीहरूलाई ठूला दलमै फर्काइनु पर्छ । मधेशप्रति ममत्व र मधेशी जनताप्रति इमान्दार नरहेका सत्तास्वार्थी भ्रष्ट नेताहरूमाथि थप छानबिन गरेर मात्र कुनै अवधारणा बनाइनुपर्छ । विद्वान हुनु र इमान्दार हुनु बिल्कुलै फरक कुरा भएकोले मधेश कित्ताभित्र पनि विद्वान र इमान्दार नेता छुट्याइनु पर्छ ।

मधेशका निमित्त राजनीति गर्ने र मधेश मुद्दामाथि राजनीति गर्नेहरूबीचको फरक छुट्टिनुपर्छ । भ्रष्टाचार र कुर्सीका निमित्त मधेशवादलाई आधार बनाएका धुर्त र अवसरवादी मधेशी अनुहारको पहिचान गरी समयमै सतर्क हुनु जरूरी छ । मधेशमा अबको राजनीति मधेशवादी सोच भएका युवाहरूको हातमा गए वेश हुन्छ । व्यापारिक सोचका नटुवाहरूको नृत्य जतिसुकै आकर्षक देखिए पनि क्षणिक हुन्छ । आफ्नो नेता आफै चयन गर्न मधेश तयार हुनुपर्छ । कांग्रेस, एमाले र माओवादीबाट खेदिएका, पठाइएका र टिक्न नसकेका कथित मधेशवादी अनुहारबाट मधेशलाई जोगाउन सकिएन भने मधेशभित्र अर्को विद्रोहले नामांकन गर्नेछ ।

अहिले राजनीतिक क्रिडास्थलको रूपमा मधेशको भूमि प्रयोग भइरहेको छ । चुनाव नजिकिँदै जाँदा विभिन्न बहानामा मधेश गएर तामझाम गर्दैछन् । कोही पार्टी प्रवेश अभियान चलाएका छन् भने कोही जागरण अभियान, कोही उपहार वितरण कार्यक्रम त कोही गुणाभागको अभियान । तर, मधेशी जनताले चाहेको एकताको अभियान कुनै नेता वा पार्टीले चलाएका छैनन् । जिल्ला प्रवेश पाएका मधेशवादी नेताहरूलाई पार्टी फुटाउनुको कारण प्रस्टाउँदा प्रस्टाउँदा धौ धौ परेको छ । उनीहरूलाई एकत्रित भएर आउन दबाब दिइदैंछ । तर, तिनीहरू काठमाडौंमा आएर आफू शक्तिशाली भएको वा आफ्नो पार्टीमा यति टाउकाहरू प्रवेश गरेको दाबी गर्दैछन् ।

वैचारिक मतभिन्नताका कारण मधेशलाई शदियौंदेखि राज्यको दोहन, शोषण भोग्नु पऱ्यो । भेदभाव, उत्पीडनको असीमित पीडा भोग्दै विभिन्न कालखण्डको अनुभवले मधेशलाई आफ्नै राजनीतिक धरातल तयार पार्न विवश गऱ्यो । आफ्नै देशमा मधेशी अधिकार र पहिचानबाट बञ्चित रही शदियौं उत्पीडन झेल्दै देशमा आएका विभिन्न दर्शनका राजनीतिक प्रणालीले पनि उसको समस्यालाई यथावत् राख्ने प्रयासमा विदेशी नागरिक सरहको हैसियतमा बस्नु पऱ्यो । राज्यको नजरमा मधेशी विजित क्षेत्रको विदेशी नागरिक हो भन्ने परम्परागत मान्यतालाई हरेक राजनीतिक परिवर्तनले संकीर्णताको घेरा तोड्न सकेन र परम्परागत मान्यतालाई निरन्तरता दिने काम गऱ्यो । यही भेदभावको अपरिवर्तनशील मान्यताले मधेशी राष्ट्रिय राजनीतिको मूलधारबाट बञ्चित रह्यो ।

मधेशका लागि ज्यान दिने वीर सपूतहरू जस्तो मधेशका राजनीतिक दलहरूमा त्याग र बलिदानको किञ्चित मात्रा पनि देखिदैन । मधेशका मुद्दालाई सबैले आफ्नो स्वार्थपूर्त्तिको माध्यम बनाएका छन् । तसर्थ, मधेशमा अहिले एक खालको राजनीतिक शून्यताको अवस्था देखिएको छ । निष्ठा र सैद्धान्तिक राजनीति गर्नेहरू दलहरूबाट टाढा देखिएपनि वैकल्पिक शक्तिको आधार बनाइरहेको देखिन्छन् । तसर्थ, शून्यताले फेरि अर्को विद्रोहको तयारी गरिरहेको हो कि भन्ने भान हुन्छ ।

*-मधेश वाणीबाट*

## पाठक-पत्र

### वायु प्रदुषणप्रति ध्यान जाओस्

बढ्‌दो वायु प्रदुषणका कारण केही दिनदेखि भारतको राजधानी नयाँ दिल्लीको अवस्था निकै खराब छ । वायु प्रदुषण बढेसँगै सरकारले स्कुल र कलेज बिदा गरेको छ भने कतिपय सरकारी कार्यालय पनि सिफ्टअनुसार सञ्चालन गर्न थालेको छ । दिल्लीको आकाशमा अत्यन्तै विषालु तुँवालोले ढाकिरहेको छ ।

वायु प्रदुषण बढेसँगै दिल्लीमा श्वासप्रश्वाससम्बन्धी बिरामीको संख्या पनि बढिरहेको छ । धुम्रपान नै नगर्ने मानिसहरु पनि धुम्रपानबाट देखिने समस्याबाट ग्रसित छन् ।

माथि उल्लेख गरिएको अवस्था दिल्लीको हो । तर, त्यसको प्रभाव नेपालमा पनि क्रमशः पर्न थालेको देखिन्छ । एकातिर त्यतातिरको हावाको प्रभाव हाम्रोमा छ भने अर्कोतिर यहिँ पनि वायु प्रदुषण बढाउने गरि गतिविधिहरु बढिरहेका छन् । काठमाडौंमा पनि तुँवालोको समस्या क्रमशः देखिन थालेको छ । यसले विस्तारै काठमाडौं पनि वायु प्रदुषणको चपेटामा पर्न सक्ने देखाउँछ ।

यदि सरकारले समयमै वायु प्रदुषण तर्फ ध्यान दिएन भने नेपालमा पनि त्यसले यसअघिका वर्षमा जस्तै समस्या बनाउन सक्छ । काठमाडौंमा धुलो तथा धुँवाका कारण देखिने समस्याहरु घटाउन तत्कालै कदम चाल्न आवश्यक छ ।

● **किरण तण्डुकार**, काठमाडौं

### पेट्रोलियम पदार्थ विस्थापित गर्ने योजना चाहियो

नेपाल विद्युत प्राधिकरणले बुधबारदेखि विद्युतको नयाँ महसुल दर लागू गरेको छ । विपन्न नागरिकहरूलाई लक्षित गरी घटाइएको शुल्क बुधबारदेखि नै लागु गरिएको छ । प्राधिकरणले ५ एम्पियरबाट मासिक २० युनिटसम्म खपत गर्ने उपभोक्ताहरूबाट न्यूनतम शुल्क मात्रै लाग्ने व्यवस्था गरेको छ । यो व्यवस्थाबाट करिब २२ लाख निम्न वर्गका नागरिकहरु लाभान्वित हुने जनाइएको छ । विद्युत खपत बढाउने उद्देश्य अनुरुप केही प्रतिशत महसुल दर पनि घटाइएको छ । जसलाई पनि स्वागत गर्न सकिन्छ ।

तर, सरकार यी कार्यक्रम समग्रमा सकारात्मक उन्मुख भएपनि अझै अपेक्षित भएको देखिन्न । सरकारले चुलोको ग्याँस, सडकको पेट्रोल र डिजेल विस्थापित गर्ने कार्यक्रम ठोस रुपमै ल्याउनु पर्छ । यदि खपत बढाउन नै चाहने हो भने विद्युतीय चुलो बाँड्ने कार्यक्रम ल्याउनुपर्छ । खपत बढाउन नै चाहने हो भने पेट्रोलियम पदार्थबाट गुड्ने सवारी साधन विस्थापित गर्ने कार्यक्रम ल्याउनुपर्छ ।

निकै ढोलक पिटिएको कार्यक्रममा माथि उल्लेखित विषयहरु ठोस रुपमा समेटिएका छैनन् । जबसम्म हाम्रो जस्तो देशले यी कुरामा ठोस कार्यक्रम ल्याउन सक्दैन तबसम्म हामी घाटाकै सौदा गरिरहेका हुन्छौ । देशलाई आत्मनिर्भर र विकसित बनाउने हो भने विद्युत व्यापार होइन खपत गर्ने कार्यक्रम बनाऔं । घरको चुल्होदेखि सडकसम्म बगेको अरबको तेल विस्थापित गरौं ।

● **हिमाल सुवेदी**, रोल्पा

# छायाँ नेपालद्वारा रौतहटमा स्वास्थ्य सामग्री वितरण



**राजेश साह/मध्यान्ह**
रौतहट, १ मंसिर

छायाँ नेपाल नामक संस्थाले रौतहटका स्वास्थ्य चौकी तथा विद्यालयहरूमा स्वास्थ्य सामग्री वितरण गरेको छ।

जिल्लामा कोरोना महामारी न्यूनीकरणका लागि प्रयोग हुने विभिन्न स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छायाँ नेपालका कार्यकारी निर्देशक कमल थापाले मध्यान्हलाई जानकारी दिए। सो संस्थाद्वारा रौतहट जिल्लाको परोहा नगरपालिका अन्तर्गत विद्यालय तथा स्वास्थ्य चौकीमा कोभिड-१९ रोकथामका लागि ४ थान वेड सेट, १४ थान स्पेह टंकी, २० थान पीपीई सेट, २४० थान सेनिटाइजर, १४ बोरा ब्लिचिङ पाउडरलगायतका स्वास्थ्य सामग्रीहरु वितरण गरिएको छ।

उक्त सामग्री बसन्तपटी स्वास्थ्य चौकी तथा वर्थिङ सेन्टर, तेजापकड़ स्वास्थ्य चौकी तथा वर्थिङ सेन्टर, ब्राह्म ज्योति लौकाहा, ओउम माध्यामिक विद्यालय नरकटिया, माध्यमिक विद्यालय बसन्तपटी, प्रा. वि नमनगरा र प्रा.वि. विद्यालय भेडियाही स्कूल तथा स्वास्थ्य सामग्रीहरु हस्तान्तरण गरिएको थापाले जानकारी दिए। ती स्वास्थ्य सामग्री स्वास्थ्य चौकी प्रमुख, प्रधानाध्यापक र छायाँ नेपालका प्रोजेक्ट मेनेजर निशान्त गौतमले हस्तान्तरण गरेका थिए।

सो अवसरमा बोल्दै प्रोजेक्ट मेनेजर गौतमले कोरोना एक महामारी भएकाले यसलाई परास्त गर्न सरकार र जनस्तरबाट उत्तिकै पहल हुनुपर्नेमा जोड दिँदै संकटको बेला सबै मिलेर हातेमालो गर्दै अगाडी बढेमा मात्र सफलता पाइने बताए। कार्यक्रममा फिल्ड सुपरभाईजर राजेश साह, ललन चौरसीया लगायतको उपस्थिति थियो।

# जानकी मेडिकल कलेजमा तालाबन्दी

**काठमाडौं/मस**–जानकी मेडिकल कलेजमा तालाबन्दी गरिएको छ। कलेजका आन्दोलनरत कर्मचारीहरुले साइन्स संकायतर्फ ताला लगाएका हुन्। उनीहरुले कर्मचारी, चिकित्सक, फ्याकल्टी र संचालकबीच तलबभत्ता, संचयकोष, दशैं खर्च लगायतबारे विभिन्न मितिहरुमा भएको सम्झौता कात्तिक ३० गतेभित्र कार्यन्वयन नभए मेडिकलको शैक्षिक लगायतका सम्पूर्ण क्रियाकलाप ठप्प पार्ने चेतावनी दिएका थिए।

सो अनुरुप कलेज प्रशासनसँग भएको सम्झौता कार्यन्वयन गर्न दिएको १५ दिने अल्टिमेटमको म्याद सकिएपछि उनीहरुले ताला लगाएका हुन्।

कलेजमा वर्षौंदेखि भइरहेको अन्याय र श्रमशोषणको बारेमा सबै निकायलाई पटकपटक अवगत गराइरहँदा समेत विगतमा भएका सम्झौताहरु कार्यन्वयन नभएकाले फेरि आन्दोलन गर्न बाध्य भएको कर्मचारी हकहित संरक्षण संघर्ष समितिका संयोजक कुल्दिप साहले बताए। आन्दोलनरत कर्मचारीले गत कात्तिक १४ मा डिनको कार्यलय त्रिविवि चिकित्सा शास्त्र अध्ययन संस्थान, चिकित्सा शिक्षा आयोग, श्रम कार्यलय जनकपुर र जिल्ला प्रशासन कार्यलय धनुषालाई माग पूरा नभए थप आन्दोलनको कार्यक्रम घोषणा गर्ने चेतावनी पत्र पठाएका थिए।


## साउदीमा रोजगार

कम्पनी: BASMAH AL MUSANDA CO FOR TECHNICAL SUPPORT SERVICES
शहर: Saudi

पुर्व स्वीकृत मितिः २०७८/०५/२४ चलानी नं.: ६०१६३२२४ L.T. No.: 245213 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 40 | 0 | स. काममा दक्ष | 1000 | ३१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ९ गते (25 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com



## UAE र QATAR मा वैदेशिक रोजगारको अवसर

**1. Company : BRILLIANT PEST CONTROL LLC** City: UAE

पुर्व स्वीकृत मितिः [illegible] चलानी नं.: [illegible] L.T. No.: 230402 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaners | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**2. Company : DISCOVERY EMPLOYMENT** City: UAE

पुर्व स्वीकृत मितिः [illegible] चलानी नं.: [illegible] L.T. No.: 233898 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 200 | 0 | स. काममा दक्ष | 850 | २७,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**3. COMPANY ARABIAN WINGS ADVERTISING** City DOHA

पुर्व स्वीकृत मितिः [illegible] चलानी नं.: [illegible] L.T. No.: 244104 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric | 1 | 0 | | 2000 | ६५,१८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर ९ गते (25 Nov. 2021) मा हुनेछ।

**रसुवा ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. [illegible]
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ०१-४९०६४३९, ४९०६४४८
E-mail : info@rasuwaoverseas.com, rasuwaoverseas@gmail.com, Web.: www.rasuwaoverseas.com


## इच्छाकामना गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### कुरिनटार, चितवन

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०८/०२**

यस इच्छाकामना गाउँपालिका कार्यालयको तपसिलमा उल्लेखित कार्यहरु E–Bidding तथा Hard copy माध्यमवाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्स, विक्रेता तथा व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको E–Bidding तथा Hard copy माध्यमवाट बिड गर्न यो सुचना आव्हान गरिएको छ।

**तपसिल**

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७७/०७८ को कर चुक्ताको प्रतिलिपि अथवा म्याद थप गरेको प्रतिलिपि र निवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) www.bolpatra.gov.np/egp मार्फत र गाउँपालिकाको कार्यलयबाट खरिद गर्न सकिनेछ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्ने छ। यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ।

४. बोलपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोवल आइ एम ई बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं. GA–3C401010000021 मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ।

५. बोलपत्र फाराम वापतको दस्तुर ग्लोवल. आइ. एम. ई. बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको आन्तरिक राजस्व खाता नं. GA–1–1C404010000004 मा जम्मा गरेको भौचरको scan copy समेत पेश गर्नु पर्ने छ।
कार्यालय कोड–35–365–19

६. कालोसुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ।

